# अति विपन्न  तथा जेष्ठ नागरिक उपचार सहायता

# कोष संचालन कार्य विधि २०७४

## प्रस्तावना

यस माङसेबुङ गाँउपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुमध्ये अति विपन्न तथा जेष्ठ नागरिकहरुको निम्ति स्वास्थ्य उपचारमा थप सुधार वा सहज बनाउने उध्देश्यको लागि माङसेबुङ गाँउपालिका प्रथम गाउँसभाबाट विनियोजित गरिएको हो । यो रकम सम्बन्धि परिवार तथा व्यक्तिहरुमा सहज रुपमा प्राप्त गर्न सदुपयोग गर्नको  लागि, निष्पक्ष, व्यवस्थित, विश्वसनीय र पार्दशी र मर्यादित बनाउनको लागि यो कार्यविधि बनाईएको हो । यो कार्यविधिले माङसेबुङ गाँउपालिकामा रहेका सम्पूर्ण अति विपन्न व्यक्ति/परिवार र जेष्ठ नागरिकहरुलाई स्वास्थ्य जीवन सहज र सरल बनाउनको लागि केही न केही भए पनि मद्दत पुयाउनेमा विश्वास गर्दै यो  **"अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष"** नामक कार्यविधि २०७४ बनाई लागु गरिएको छ ।

यो ऐन तथा  कार्या बधी  गाउपालिकाको कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त लागु हुनेछ ।

**परिच्छेद - १**

**नाम र परिभाषा**

**क) नाम :** यस कार्यबिधीको नाम **अति विपन्न तथा जेष्ठ नागरिग स्वास्थ्य उपचार सहायता कोष  सन्चालन कार्यबिधी २०७४** रहने छ ।

**ख)परिभाषा : यस** कार्यबिधीमा गाउपालिका, अध्यक्ष, उपाध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत भन्नाले यस माङसेबुङ गाउँपालिका तथा **पदाधिकारि**लाई बुझनुपदर्छ । वडा अध्यक्ष भन्नाले वडाको अध्यक्ष लाई जनाउछ ।

**ग) विपन्न :** विपन्न भन्नाले यस कार्यबिधीमा उल्लेखित विपन्नताको आधारभित्र पर्नुपर्दछ ।

**परिच्छेद – २**

**उध्देश्य, लक्ष्य तथा नीति**

**उदेश्य :**

क) यस गाउपालिकाभित्रको अति विपन्न तथा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य क्षेत्रमा थप सहयोग पुऱ्याउने ।

ख) अति विपन्न तथा जेष्ठ नागरिकहरुको पीडादायी जिवनलाई सरल र सहज बनाउन  सहयोग पुऱ्याउने  ।

ग) आर्थिक विपन्नताले गर्दा स्वास्थ्य उपचार गर्न नसकेका विरामीहरुलाई स्वास्थ्य सेवा/अस्पतालसम्म  पुर्याई तत्काल मृत्यूबाट जोगा

**लक्ष्य :**

गरिबि  र जेष्ठ नागरिक हरुलाई सानो सहयोग बाट स्वास्थ्य जिबनयापन गर्न सहयोग  पुर्याउदै गरिबी र जेष्ठ नागरिक लाई गम्भीर प्रकृतिका रोगसगं लड्न  स्वास्थ्य क्षेत्रमा पहुच पुर्याउने ।साथै यस कोष मार्फत अति विपन्न तथा जेष्ठ नागरिकहरु माङसेबुङ गाउँपालिका भित्र स्वाथ्य क्षेत्रमा पहुच पुर्याउने लक्ष्य यस कोषको रहुको छ ।

**नीति :**

क) गरिब तथा अति विपन्न र जेष्ठ नागरिकहरु प्रति स्वाथ्य क्षेत्रमा पहुच पुर्‍याउने ।

ख)यसगापा मा हरेको विपन्न र जेष्ठ नागरिक लाई उपचारर्थ सहयोग गर्ने ।

ग)स्वाथ्य क्षेत्रमा पहुच अभिबदि गर्न बिभिन्न सिबिरहरु सञ्चालन गर्दै स्वाथ्य सगं सम्बन्धीत निकाय सगं विपन्नता र जेष्ठ नागरिकहरुको लागि समन्वय गर्दै अघि बढने ।

घ) स्थानिय तहमा योजना तर्जुमा गर्दा जेष्ठ नागरिक तथा अति विपन्नता लाई सहयोग पुग्ने कार्यक्रम बनाई लैजाने ।

**परिच्छेद – ३**

**कोषको व्यवस्था तथा सञ्चालन र नागरिक**

***२) अति विपन्न नागरिक :***

क) अति विपन्न भन्नाले सम्बन्धित व्यक्ति वा परिवारको वार्षिक आम्दानीले ३ महिना देखि ६ महिनासम्म पुग्ने ।

ख) नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी नभएको ।

ग) स्वास्थ्य, शिक्षा र रोजगारमा पहुँच नभएको ।

घ) स्थानीय समाज तथा जनप्रतिनिधिको सिफारीसबाट अति विपन्नताको सिफारीस भएमा ।

***३) जेष्ठ  नागरिक :***

क) जेष्ठ नागरिक भन्नाले नेपाल  सरकारले तोके बमोजिम हुनुपर्ने  छ ।

ख) ६५ बर्ष पुगेको हुनुपर्ने छ ।

***४) कडा रोगहरु :***

क. मुटु रोग

ख. मृगौला रोग

ग.क्यान्सर रोग

घ. पार्किन्सस

ङ. अल्जाईमर्स

च. स्पाइनल  इन्जुरी

छ. हेड ईन्जुरी

ज. सिकल सेल एमोनिया

***५) अन्य रोगहरु :***

क. दम

ख. फोक्सो रोग

ग. मधुमृह

६) अन्य अति विपन्न र जेष्ठ नागरिकका लागि असाधारण बिरामहरु

७) आवश्यकता महशुस भएमा गाउपालिकाले हरेक वर्ष सम्बन्धित पक्षहरुको लागि स्वास्थ्य शिविर संचालन गर्न सक्ने छ ।

**८) अपाङगता परिचय पत्र :** निर्माण तथा विवरण अपांगताहरुलाई स्वास्थ्य उपचारमा यो कार्याविधि अनुसार सहयोग प्याउन सकिन्ने छ ।

**९) कोषको व्यवस्था :**

यस कोषमा देहाय बमोजिम रकम रहने छ ।

क) स्थानीय सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

ख) स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त हुने रकम,

ग) गााउँपालिकाले बार्षिक रुपमा विनियोजन गरेको रकम,

घ) कोषलाई अन्य बिभिन्न स्रोतबाट प्राप्त हुने रकम,

ङ) कोषकको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

च) उक्त कोष गाउपालिकाको अधिनमा संचालन हुनेछ ।

कोष सञ्चालन

यस कोष सञ्चालन गर्न गाउँपालिका मा एक सचिवालय समिति गठन देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ख) प्रमुख प्रशासकिय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

ग) अध्यक्षले तोकेको एक जना – सदस्य

**घ) गाउँपालिकाको स्वास्थ्य प्रमुख वा नीजले तोकेको स्वास्थ्य कर्मी १ जना** – सदस्य

**परिच्छेद –४**

**आर्थिक तथा प्रशासनिक व्यवस्था**

क) कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्था यस कार्यबिधीमा तोकिएबमोजिम र अन्य कुरार्को हकमा स्थानिय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक तथा आर्थिक व्यवस्थापन गाउँ कार्यपालिकाको कर्मचारीबाट नै सञ्चालन गरिने छ ।

**खर्च गर्न नपाइने**

कोषमा जुन प्रायोजनका लागि रकम प्राप्त भएको हो सो बाहेक अन्य प्रयोजनमा रक खर्च गर्न पाइने छैन ।

**राहत सहयोग सम्बन्धी व्यवस्था**

अति विपन्न तथा जेष्ठ नागरिक हरुलाई माथि उल्लेखित रोग तथा बिरामी भए र वर्गीकरणमा परेकोलाई देहाय बमोजिम सहयोग गरिनेछ ।

*१०) क. अति विपन्न तथा जेष्ठ नागरिकहरुमा कडा रोग भएमा रु २०००० (बीस हजार) सम्म ।*

ख. अन्य रोगहरु पाइएमा रु १०,००० (दश हजार) सम्म ।

ग. विदेशमा अङ्गप्रत्यारोपण गर्नु पर्ने अवस्थामा कडा रोगको दोबर दिन सकिने छ ।

घ) दीर्घ रोग भएमा बर्षमा निरन्तर औषधी सेवन गर्न को निम्ती रु ८००० आठ हजार दिइने छ ।

ङ) असाधारण बिरामी भएमा रु ५००० (पाँच हजार) दिन सकिनेछ ।

***११). कार्य सञ्चालन व्यवस्था***

क. नेपाली नागरिकताको प्रतिलिपि

ख. गा.पा.को स्थायी बसोबास भएको प्रमाण

ग. रोग पहिचानमा चिकित्सकको प्रिस्किप्सनको परिक्षणको संक्षिपत व्योहोरा

घ.बिरामी विपन्न भएको व्यहोरा खुल्लनु पर्ने

ङ. जेष्ठ नागरिक भएको व्यहोरा हुनु पर्ने

च. अन्य रोग र असाधारण बिरामीको निम्ती चिकित्सको ... आवश्यकता नपर्ने

छ. सम्बन्धि वडा कार्यालय तथा वडा अध्यक्षको सिफारीस हनुपर्ने

***१२) अति विपन्न तथा जेष्ठ नागरिकको उपचार सहायता प्रदान***

क. माथी उल्लेखित प्रक्रिया पुरा भई गाउँपालिका मा आएका बिरामी उपचार गाँउपालिका को अध्यक्षको सिफारीसमा उक्त आर्थिक सहायता रकम प्रदान गरिनेछ वा अति विपन्न तथा जेष्ठ नागरिकले प्राप्त गर्ने छ ।

ख. विपन्न तथा जेष्ठ नागरिक बिरामीलाई उपचार अघि, हुदै गर्दा या पछि पनि दिन सकिने छ ।

ग. एउटै नागरिक दोहोरो सिफारीस भएमा मान्य हुने छैन ।

***१३) गाउँपालिकाले खुलाई राख्ने विवरण***

क. बिरामीको नाम,थर, ठेगाना र सर्म्पक नम्बर

ख. विपन्न  वा जेष्ठ व्यहोरा खुल्लने

ग. नागरिकता प्रतिलिपी

घ. रोग पहिचान

ङ. दर्ता नम्बर

१४) आवश्यकता अनुसार अध्यक्षले बैठक बोलाउन सक्नेछ।

१५) बैठकको अन्य बैठक सरह भत्ता हुनेछ।

**परिच्छेद –५**

**विविध**

**कार्यक्रम सञ्चालन**

गाउँ कार्यपालिका र यस अर्न्तगत का सचिवालय वा उपसमिति बाट अति विपन्न तथा जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा साथै अन्य संघ सस्थाले यस सम्बन्धी कार्य गर्दा यस कोष अर्न्तगत एकदृार प्रणालीबाट गरिने छ।

**कार्यविधिको संसोधन**

यस कार्यबिधिय लाई संशोधन गर्न आवश्यक देखिएमा सचिवालय समितिको सिफारिसमा  कार्यपालिका बैठक ले गर्ने छ।

**जाचँपास तथा फरफारक :** कोषबाट सञ्चालन गरिने कार्यकमको जाँचपास फरफारक प्रचलित कानुन बमोजिम हुने छ।

**खारेजीर  बचाउ**

क) यस कार्यबिधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४स्थानिय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित  कानुन सग बाझिन गएको हदसम्म स्वत खारेज हुनेछ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाँउकार्यपालिकाले कोषलाई खारेज गर्न सक्ने छ।

ग) कोष खारेज भएमा कोषको सम्पूर्ण चलअचल सम्पति तथा दायित्व गाँउ कार्यपालिकाको कार्यालयमा सर्नेछ।